बाहदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल
नेपाल सम्वत् ११४६

**उद्यम विकास सहजकर्ता करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ॥**

**सूचना नं.:- ०५ /०८३-०८४, मिति २०८३/०४/०७**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि २०८२ को दफा ४३ बमोजिम यस बाहदशी गाउँपालिकामा देहाय बमोजिमको पदमा सेवा करारमा पदपूर्ती गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजश्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:-**

| क्र.सं | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | तह | माग पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०१ | खुल्ला | उद्यम विकास सहजकर्ता | पाचौं | १ | ५,००।- |

**क)परीक्षाको किसिम:-** १)वस्तुगत बहुवैकल्पिक प्रश्न (सामान्य ज्ञान,सेवा सेवा सम्बन्धी,IQ),
२)कम्पयूटर सीप परिक्षण(Word,Excel,Powerpoint,E-mail Internet) र
३)अन्तर्वार्ता।

**ख) परीक्षा मिति:-** अर्को सूचनाद्वारा तय गरिनेछ ।

**ग) परीक्षा केन्द्र:-** बाहदशी गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा ।

**घ) दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैंकमार्फत SuTRA बाट सृजित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजश्व खाता वा स्थानीय तह राजश्व पोर्टल sutrarevenue.fcgo.gov.np,(LLRP mobile application) मार्फत अनलाईन भुक्तानी गर्न सकिनेछ ।

**राजस्व खाताको विवरण:**

कार्यालय कोड: ८०११२५०५००१

राजस्व शिर्षक: १४२२४

राजस्व शिर्षकको नाम: परीक्षा शुल्क

बैंक खाता नं: ०८३००८७०५००००११३

खाताको नाम: आन्तरिक राजस्व खाता

खाता रहेको बैंक: माछापुच्छ्रे बैंक

**ङ. दरखास्त दस्तुर बुझाउने अवधि:-** दरखास्त दिन पाउने अन्तिम मिति सम्म ।(उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

**च. दरखास्त दिने अन्तिम मिति:** मिति २०८३।०४।१५ गते सम्म ।

**छ. उम्मेदवारको उमेरको हद:-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**तलब/पारिश्रमिक:-** प्रचलित नियम बमोजिम हुनेछ ।

**आवश्यक न्यूनतम योग्यता:**

०८३/०४/०६
गजेन्द्र थापलिया
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिईभिटी) बाट मान्यता प्राप्त सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष वा तह ३ उत्तीर्ण गरेको।

(ख) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको।

(ग) नैतिक पतन देखिने गरि फौजदारी अभियोगबाट अदालतबाट कसूरदार नठहरिएको।

**दरखास्त फाराम पाइने स्थान:-** बाहदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा वा कार्यालयको वेवसाईट www.bahradashimun.gov.np मा गई करार सेवा पदको लागि दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ।

**दरखास्त फाराम बुझाउने स्थान:-** बाहदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा वा vacancy.bahradashirm@gmail.com मा बुझाउन सकिनेछ।

**दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरु:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु

(१)नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी (१) प्रति,

(३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि,

(५) दस्तुर तिरेको भौचरको सक्कल प्रति

(६) कामको अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि।

**थप जानकारीको लागि:-** सम्पर्क नं. ९८५२६६५५८८

**द्रष्टव्य:**क)कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

ख)लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र नागरिकता सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिको साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

ग)दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

**घ)पाठ्यक्रम तथा अन्य व्यवस्था:** कोशी प्रदेश लोकसेवा आयोगद्वारा निर्धारित सम्बन्धित सेवा/समूहको पाठ्यक्रम साथै पदपूर्ती समितिको निर्णय अनुसार।

....................

**गजेन्द्र थपलिया**
प्रमुख प्रशासकीय अधिकृत

०८२/०४/०६
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner